# उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल

**दार्मा गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड -८ सङ्ख्या : ६ मिति : २०८१/०८/१५**

**भाग -२**

**दार्मा गाउँपालिका**

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०८/१५

प्रमाणिकरण मिति : २०८१/०८/२०

"उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८१"

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

1. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधी स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

(३) यो कार्यविधी लागु भएको मिति बाट “भैसीपालन सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन कार्यविधी,२०७९” र “दुधमा अनुदान कार्यक्रम कार्यन्यन कार्यविधी,२०७९” स्वता खरेज हुनेछ।

## परिच्छेद-२

## परिभाषा

2. परिभाषा: विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"गाउँपालिक" भन्नाले दार्मा गाउँपालिका सल्यान सम्झनु पर्नेछ

(ख)"शाखा" भन्नाले पशु सेवा शाखा सम्झनु पर्नेछ ।

(ग) "समुह"भन्नाले यस कार्यविधि अन्तर्गत रही पशुपन्छी पालन व्यवसाय संचालन गर्न विधिवत रुपमा गठन/ दर्ता भएको कम्तीमा १५ देखी २५ जना सदस्य रहेको समुहलाई सम्झनु पर्दछ ।

(घ) "सहकारी"भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको सहकारी सम्झनु पर्दछ ।

(ङ) "अनुदान" भन्नाले स्थानिय सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत उत्पादनान आधारित अनुदान कार्यक्रमका लागि छनौट भएका अनुदानग्राहिलाई उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्छ।

(च) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समुह र कृषक व्यवसायी सम्झनु पर्छ।

(छ) "कार्यक्रम" भन्नाले स्थानिय सरकारबाट विनियोजित बजेट अनुसारको उत्पादनान आधारित अनुदान कार्यक्रम सम्बन्धि यस गाँउपालिका बाट गरिने क्रियाकलाप सम्झनु पर्छ।

(ज) "कृषक" भन्नले पशुपालन व्यवसायमा संलग्न भएको व्यक्ति सम्झनु पर्छ।

(झ) "कर्यालय" भन्नले दार्मा गाँउपालिका सम्झनु पर्छ।

(ञ) "प्राविधिक" भन्नले दार्मा गाँउपालिका पशु सेवा शाखाका कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ट) " पशुजन्य उत्पादन" भन्नाले दुध र मासु जन्य उत्पादन सम्झनु पर्छ।

(ठ) " दुग्ध व्यवसाय" भन्नाले दुध तथा दुग्धजन्य पदार्थ उत्पादन संकलन, चिस्यान, ढुवानी, प्रशोधन, भण्डारण तथा विक्रि वितरण गर्ने सबै व्यवसाय सम्झनु पर्दछ ।

## परिच्छेद-३

## कार्यविधिको उदेश्य

3. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका भित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका पशुपन्छी पालन गर्ने कृषकहरुलाई थप व्यवसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरिय पशुजन्य उत्पादनमा वृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने ।

(ख)पशुजन्य उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत, विकसित गर्ने।

(ग) साना किसानहरुलाई संगठित गरी समुह / सहकारीम आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने ।

(घ) दुधालु भैसीको लैनो अवस्थामा थप उचित स्याहर/सुसार र पोषणको माध्यमबाट दूध उत्पादन बृद्धि गरि सोहि अनुपातमा बेत भरि नै दूध उत्पादन कायमा राख्ने।

(ङ) जन्मदै पाडापाडी बोरामा हाली फाल्ने प्रथाको अन्त्य गरी पाडापाडी पालौ अभियान लागु गर्ने।यदि उक्त नियम उल्घन गर्ने किसानलाई कारवाही तथा जरिवाना गर्ने ।

## परिच्छेद-४

## सहकारी, संकलन केन्द्र, कृषक समूह तथा कृषकको छनौट

4. कार्यक्रम संचालनका लागि छनौटका आधारहरुः(१) पालिकाले विनियोजन गरेको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिकाले (अनुसूची १ बमोजिम) दरखास्त आह्वान गर्नेछ ।

(२) प्रस्तावित कार्यक्रमका लागी योग्यता पुगेका प्रस्तावहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिमको निकायमा विधिवत रुपमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नंबर प्राप्त गरेको, गत आ.व. मा लेखा परिक्षण भएको साथै व्यवसायिक फर्मको हकमा लेखापरिक्षण समावेश हुनु पर्ने र कुनै कारवाहीमा नपरेको हुनुपर्नेछ ।

(३) संकलन केन्द्रका रुपामा छनौट हुन चाहाने सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकहरुले (अनुसूची २ बमोजिम) प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा ३ बमोजिमको प्रस्ताव छनौट समिति समक्ष पेश गर्नुपर्ने छ।

(५) उपदफा ३ बमोजिमको प्रस्ताव छनौट समितिले छनौट गर्ने छ।

5. सम्झौता गरिनेः(१) दफा-४ को उपदफा ५ बमोजिम छनौट भएका सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकहरुबिच (अनुसूची ३ बमोजिम) सम्झौता गरिनेछ।

(२) तोकिएको सहकारी संस्था, व्यवसायी, कृषक समुह कृषकहरुले पशुजन्य उत्पादनको खरिद तथा बिक्री रेकर्ड (अनुसूची ४ बमोजिम) ढाँचामा प्रत्येक किसानहरुको अभिलेख वडा प्रतिनिधि वा प्राविधिको रोहबारमा राख्नुपर्नेछ।

(३) सान्दर्भिकता आवश्यकताको आधारमा समितिले संकलन केद्रको थप धट गर्न सक्नेछ।

## परिच्छेद-५

## मासुमा अनुदान सम्बन्धी व्यबस्था

6. कृषकहरुलाई बिक्रीको आधारमा दफा-४ बमोजिम छनौट भएका सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकको अभिलेख सहित सिफारिको आधारमा जिउदो खसी बोकाको तौल अनुसार प्रति के.जी. रु ५० का दरले रकम उपलब्ध गराईनेछ।
7. (१) दफा-४ बमोजिम छनौट भएका सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकहरुलाई व्यवस्थापन खर्च बापत प्रति के.जी. रु ५ का दरले उपलब्ध गराईनेछ।

   (२) छनौट भएका सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकहरुले खसी बोका तौलनका लागी तौल मेसिन र संकलन केन्द्र निर्माण गर्नुपर्ने भएका निवेदन दिनुपर्ने छ र गाउँकार्यापालिकाले आवस्यक ठानेमा निर्यण गरि ५० % सम्म सहयोग गर्न सक्नेछ।
8. ब्यापारिक प्रयोजनमा पशुजन्य बस्तुहरु बिक्री वितरण गरेको अवस्था भएमा अनुदान पाइने छैन । कृषक स्वयम्ले उत्पादन गरि समुह/सहकारी मार्फत बिक्री वितरण गर्नुपर्नेछ।

## परिच्छेद-६

## दुधमा अनुदान सम्बन्धी व्यबस्था

9. कृषकहरुलाई बिक्रीको आधारमा दफा-४ बमोजिम छनौट भएका सहकारी, व्यवसायी, कृषक समूह तथा कृषकको अभिलेख सहित सिफारिको आधारमा प्रति लिटर दूधमा रु ३ का दरले रकम उपलब्ध गराईनेछ।
10. ब्यापारिक प्रयोजनमा बिक्री वितरण गरेको अवस्था भएमा अनुदान पाइने छैन । कृषक स्वयम्ले उत्पादन गरि समुह/सहकारी मार्फत बिक्री वितरण गर्नुपर्नेछ।

## परिच्छेद-७

## भैसी सुत्केरी प्रोत्सहान भत्ता अनुदान सम्बन्धी व्यबस्था

11. पालिकाले विनियोजन गरेको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिकाले (अनुसूची ५ बमोजिम) दरखास्त आह्वान गर्नेछ ।
12. अनुदान प्राप्त गर्न मापदण्डपुरा गरेका ईच्छुक कृष कहरुले समुह, सहकारी वा व्यक्तिगत रुपमा पालिकाको पशु सेवा शाखामा (अनुसूची ६ बमोजिम) दरखास्त बुझाउनुपर्नेछ ।
13. उपर्युक्त दरखास्त उपर गाउँपालिकाको पशु सेवा शाखाको प्रविधिकले (अनुसूची ७ बमोजिम) अनुगमन गर्नुपर्नेछ।
14. अनुगमन प्रतिवेदनको आधारमा कृषकहरुको छनौट गरिनेछ र प्रति भैसि रु ५००० का दरले अनुदान रकम उपलव्ध गराउनेछ।
15. दार्मा गाउँपालिका र छनौट भएका कृषकहरु विच (अनुसूची ८ बमोजिम) सम्झौता गरिनेछ।

## परिच्छेद-८

## विविध

16. छनौट समितिको गठनः देहायानुसारको पदाधिकारी रहने गरी प्रस्तावना छनौट समिति गठन गरिने छ।

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासाकिय अधिकृत - सदस्य

ग) आर्थिक विकास समिति संयोजक - सदस्य

घ) लेखा शाखा प्रमुख -सदस्य

ङ) पशु सेवा शाखा प्रमुखख – सदस्य सचिव

छनौट समितिको पुर्ण सहभागिता नभएको अवस्थामा बहुमत सदस्यको उपस्थित भएको बैठकबाट निर्णय गर्न सकिने छ।

17. आवश्यकता अनुसार समितीले सम्वन्धित विषय विज्ञ प्राविधिक, कृषक समुहका प्रतिनिधी तथा जनप्रतिनिधिको सहभागितामा दुध र मासु जन्य उत्पादनको खरिद तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछ।

18. अनुगमा सम्वन्धी व्यवस्ताः पालिकाको फिल्ड कार्यविधी २०७७ बमोजिमहुनेछ।

19. अनुदान रकम निकासाः(१) गाउँपालिकाबाट मासिक वा चौमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा कृषकको बैंक खाता भुक्तानि गरिनेछ।

    (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि बैंक खाता नभएका कृषकको हकमा सहकारी, व्यवसायी, कृषक समूहको खातामा भुक्तानि गरिने छ र उक्त सहकारी, व्यवसाही, कृषक समूहले कृषकलाई अनुदान रकम बुझाएको भरपाई गाउँपालिकामा पेश गर्नु पर्नेछ।

20. असुल उपर वा कारवाहीः (१) कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी सरह असुल उपर गरिनेछ। विपत् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, सम्वन्धित वडाको सिफारिस) सहित गाउँपालिकामा जानकारी गराउनु पर्नेछ। (२) अनुदानको दुरुपयोग गर्ने अनुदानग्राहिलाई यस कार्यालय वाट भविष्यमा कुनै अनुदान उपलब्ध गराइने छैन।

21. सम्झौता गर्ने निकायः पशु सेवा शाखाको रोहवरमा दार्मा गाँउपालिकाले सम्झौता गर्नेछ।

22. सम्झौता बमोजिम हुनेः (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधीसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ।

23. व्याख्या र बाधा अड्काउ फुकाउः (१) यस कार्यबिधिको आवश्यक व्याख्या गाँउपालिकाले गर्न सक्नेछ।(२)कार्यविधि कार्यन्वयनमा बाधा अडकाउ परेमा कार्यविधिको उद्दश्य विपरित नहुनेगरी गाँउपालिकाको सिफारिसमा पशु सेवा शाखाले बाधा फुकाउन सक्नेछ।(३) कार्यविधिको संशोधन गाँउ कार्यापालिकाले मात्र गर्न सक्नेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

मितिः………………..

उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागी प्रस्ताव आव्हानको सूचना

सूचना। सूचना।। सूचना।।।

यस दार्मा गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई उत्पादनमा आधारित अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा पालिका भित्रका पशुपालन व्यवसायसँग संलग्न सहकारी, व्यवसायी, कृषक समूहलाई दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले …………..दिन भित्र दार्मा गाँउपालिकाको कार्यलायमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धि थप जानकारिको लागी मा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातः

1. अनुसुचि २ अनुसारको निवेदन
2. सम्वन्धित वडाको सिफारिस पत्र
3. दर्ताको प्रमाण पत्रको प्रतिलिपि
4. कर चुक्ता र लेखा परीक्षणको प्रतिलिपि
5. अन्य व्यवसाय संग सम्बन्धित कागजातहरु
6. प्रतिवद्धता पत्र

अनुसूची-२

(दफा ४ को उपदफा(३)सँग सम्बन्धित)

अनुदानको लागी पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू, मितिः……………………….

दार्मा गाँउपालिकाको कार्यलाय

फारुलाचौर सल्यान।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति…………………मा प्रकाशन गरिएको सूचना अनुसार दार्मा गाउँपालिका वडा नं…. मा अवस्थित श्री………………………………………. सहकारी कृषक समुह व्यवसाहीले कृषकहरुको पशुजन्य उत्पादन दुध/मासु संकलन खरिद तथा विक्री गर्दै आएकाले संकलन केन्द्रको रुपमा छनौट भई

मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकाले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेकोछु ।

तपसिलः

1. अनुसूची-२ बमोजिमको निवेदन पत्र
2. वडा कार्यालयको सिफारिस
3. दर्ता प्रमाण-पत्र प्रतिलिपि
4. कर चुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
5. संचालक समितिको निर्णयको प्रतिलिपि

निवेदकः

नाम थरः

पदः

सम्पर्क फोन नं

छापः

अनुसूची-३

(दफा५को उपदफा(१)सँग सम्बन्धित)

सम्झौताको ढाँचा

यो सम्झौता पत्र दार्मा गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नेको लागी तपशिल बमोजिमको शर्तहरुमा दार्मा गाँउपालिका (यस पछि पहिलो पक्ष भनिएको) र ……………….. कृषि फार्म/कृषक समुह/सहकारी सल्यान जिल्ला दार्मा गाँउपालिका वडा नं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बिच तपशिलको शर्त वमोजीमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

संझौता शर्तहरु

1. दोस्रो पक्षले आफ्नो मातहतका कृषकहरुको पशुपन्छीहरुको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ।
2. दोस्रो पक्षले सूचिकृत भएका कृषकहरुको पशुजन्य उत्पादनको खरिद बिक्रीको कारोवार गाउँपालिकाबाट प्रप्त ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ।
3. दोस्रो पक्षले खरिद बिक्रीको कारोवार गर्दा अनिवार्यरुपमा पालिकाको प्राविधिका वा वडा प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ।
4. अनुदान रकम भुक्तानीको निम्ति पशुजन्य उत्पादनको खरिद बिक्री कारोवारको अभिलेख र अन्य आवश्यक कागजात दोस्रो पक्षले पहिलो पक्ष समक्ष मासिक, चौमासिक वा वर्षिकरुपाम पेश गर्नु पर्नेछ।
5. दोस्रो पक्षद्वारा पेश भएको खरिद बिक्री कारोवारको अभिलेख र अन्य कागजातको आधार मानी पहिलो पक्षले उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१ बमोजिम अनुदान रकम सिदै कृषकको बैकं खातामा

वा दोस्रो पक्षको बैकं खातामा भुक्तानी गरिनेछ।दोस्रो पक्षको बैकं खातामा भुक्तानी भएको कृषकको अनुदान रकम बुझाएको भरपाई पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

6. दोस्रो पक्षले उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१ व्यस्थापन खर्च बाहेक कृषकहरुवाट अन्य कुनै रकम कृषक लिन पउनेछैन।
7. दोस्रो पक्षद्वारा राखिएको खरिद बिक्री र मुल्यको अभिलेखिकरण गलत वा झुठ्ठा ठहरिएमा दोस्रो पक्षलाई पालिकद्वारा कालोसुचीमा राखिनेछ।
8. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।
9. दोस्रो पक्षको लापरवाहीको कारणवाट हानिनोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनुपर्ने छ।
10. सम्झौता बमोजिमको कार्य गर्ने सम्वन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।
11. भुक्तानी हुने खाता भएको बैङ्कः

खातावालाको नामः

खाता नम्वरः

12. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐननिएम अनुसार हुनेछ
13. पहिलो पक्ष

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**रोहवर**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |

मितिः२०८.../......महिना..........गते

अनुसूची-४

(दफा ५ को उपदफा(२)सँग सम्बन्धित)

## क. पशुजन्य उत्पादनको खरिद तथा बिक्री रेकर्ड

सहकारीको नामः

ठेगानाः आ.ब............

संकलन केन्द्रको नामः

..................

...महिना

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क न | बिक्री खसि/बोका संख्या | के.जी. | जम्मा बिक्री रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | जम्मा | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः.....................

विक्री गरिएको खसी/बोकाको संख्याः................

बिक्री खसि बोकाको जम्मा के.जीः................

विवरणतयार गर्नेको हस्ताक्षरः निरिक्षण गर्ने हस्ताक्षरः प्रमाणित गर्नेको हस्ताक्षरः

विवरण तयार गर्नेको नामः निरिक्षण गर्ने नामः प्रमाणित गर्नेको नामः

विवरण तयार गर्नेको पदः पदः पदः वडा अध्यक्ष

मितिः मितिः मिति

## ख. दुध उत्पादनको खरिद तथा बिक्री रेकर्ड

सहकारीको नामः

ठेगानाः आ.ब............

संकलन केन्द्रको नामः

..................

...महिना

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क न | लिटर | जम्मा बिक्री | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | रकम | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | जम्मा | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः………………….

विक्री गरिएको दुधको लि…………….

विवरणतयार गर्नेको हस्ताक्षरः निरिक्षण गर्नेको हस्ताक्षरः प्रमाणित गर्नेको हस्ताक्षरः

विवरण तयार गर्नेको नामः निरिक्षण गर्नेको नामः प्रमाणित गर्नेको नामः

विवरण तयार गर्नेको पदः पदः पदः वडा अध्यक्ष

मितिः मितिः मिति

अनुसूची-५

(दफा ११ सँग सम्बन्धित)

भैसी सुत्केरी प्रोतसाहन भत्ता अनुदान कार्यक्रको लागी दरखास्त आह्वानको सूचना

सूचना। सूचना।। सूचना।।

यस दार्मा गाउँपालिकाको पशु सेवा शाखाको आ.व.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुका विमित भैसिलाई सुत्केरी प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरी बेत भरीनै बढि दुध उत्पादन कायम राख्न र जन्मदै पाडापाडी फाल्ने प्रथाको अन्त्य गरी पाडापाडी स्वस्थ राख्न तोकिए वमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागी यो सूचना प्रकाशित गरिएको छ। यस आ.व. २०८१/०८२ को श्रावन महिना देखी भैसी व्याएको १ महिना भित्र ईच्छुक कृषकहरुले तोकिएको ढांचा अनुसारको आवेदन फारम यस कार्यालयमा पेश गर्नु होला।विस्तृत जानकारीका लागी ..........................................राख्नु होला।

**कार्यक्रम संचालनका लागी कृषक छनौटका आभारहरुः**

- अनुदान प्राप्त गर्न चाहने दार्मा गाउँपालिका भित्रका कृषकहरुले व्यक्तिगत वा समुह वा सहकारी मार्फात यस गाउँपालिकाको पशु सेवा शाखामा निवेदन पेश गर्नुपर्ने छ।
- कृषकहरुले निम्न कार्यहरु पार गरेको हुनुपर्ने छ।

- एक वटा दुधालु भैसी पालन गरेको हुनु पर्नेछ ।
- दुध उत्पादक सहकारी संस्था / समुह/ समितिमा आबद्ध भएको हुनुपर्नेछ ।
- पशु विमा गरेको हुनुपर्नेछ ।

अनुसूची-६

(दफा १२ सँग सम्बन्धित)

आवेदन फारमको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू मितः..........................

दार्मा गाउँपालिको कार्यालय

फारुलाचौर सल्यान।

बिषयः भैसिपालन सुत्केरी प्रोतसाहन अनुदान उपलव्ध सम्वन्धमा] .

महोदय,

उपरोक्त बिषयमा आ.व.२०८१/०८२ को यस दार्मा गाउँपालिका पशु सेवा शाखाको स्विकृत वजेट तथा कार्यक्रम अनुसार मेरो भैसी व्याएको हुनाले भैसीपालन सुत्कुरी प्रोतसहान अनुदान कार्यक्रम प्राप्त गरी जन्मदै पाडापाडी फाल्ने प्रथाको अन्त्य गर्नमा सहयोग गरी भैसी संरक्षन कार्यमा सहयोग गर्नेछु भनि तपसिल वमोजिमका कागजात राखी यो निवेदन पेश गर्दछु ।

क) भैसी ट्यग नं. व्याएको मितिः

ख) दैनिक दुध विक्री परिमाणः प्रति लिटर दुधको मुल्यः

ग) दुध विक्री गर्ने स्थानः

<u>तपसिल</u>

1. भैसी व्याएको प्रमाण- मालिक सहित भैसी र पाडापाडीको रंगिन फोटो- १ प्रति
2. भैसी व्याएको प्रमाणित पशु सेवा केन्द्र वा वडा कार्यालयको सिफारिस-१प्रति
3. समुह/समितिमा आवद्ध भएको प्रमाण पत्रको फोटोकपी वा भैसी विमा गरेको कागजात -१ प्रति

4. बैकं खाता नं. चेकको प्रतिलिपी
5. नगरिकताको प्रतिलिपी

निवेदक

नामः
समुह/समितिः
ठेगानाःM
दस्तखतः
सम्पर्क फोन नं.

अनुसूची-७
(दफा १३ सँग सम्बन्धित)
सम्झौताको ढाँचा

**भैसीलाई सुत्केरी प्रोतसहान भत्ता अनुदान कार्यक्रको लागी यस दार्मा गाउँपालिका पशु सेवा शाखा र.......................................बिच भएको सम्झौता पत्र**

दार्मा गाउँपालिका,पशु सेवा शाखा द्धारा संचालन गरिने भैसीलाई सुत्केरी प्रोतसहान भत्ता अनुदान कार्यक्रमको उद्देश्य अनुरुपको उपलव्ध हासिल गर्न दार्मा गाउँपालिका पशु सेवा शाखा -यसपछि पहिलो पक्ष भनिने]_ र.........................वडा नं.का श्री/श्रीमती/सुश्री.........................................यसपछि दोश्रोपक्ष भनिने] _बिच उल्खित शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्धिपक्षिय सम्झौता सम्पन्न भयो।

१.दोस्रो पक्षले तपसिल बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

तपसिल

अनुदान रकम बाट  लैनो माउं र पाडापाडीको विशेष स्याहार सुसार गर्नु पर्नेछ।
पौष्टिक दाना, मिनरल व्लक, भिटामिनन्स,ड्रेन्चिङ, खोप आदिको व्यवस्था गर्नुपर्नेछ।
पशु वस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व बृद्दिका कार्यहरु गर्नुपर्नेछ।
२.दोस्रो पक्षबाट गर्नुपर्ने कार्यहरु संतोषजनक नपाईएमा प्रचलित कानून बमोजिमको कारवाहीको भागेदारी हुनुपर्नेछ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| दार्मा गाउँपालिकाबाट दस्तखत गर्नेको] | |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

कार्यालयको छापः

**रोहवर**
दस्तखतः
नामःM
ठेगानाः
मितिः

अनुसूची-८
(दफा १५ सँग सम्बन्धित)

अनुगमान प्रतिवेदनको ढाँचा

…………………………………कार्यक्रम अनुगमान प्रतिबेदन

आर्थिक वर्षः-२०८१/०८२ मितिः२०८../…./…..

1. कृषक /समुह /फार्म/सहकारीको नामः…………………………..
2. ठेगानाः दार्मा गाउँपालिक …., …………टोल सम्पर्क नः………….
3. पशुपन्छी पालनको विवरण/संख्या

| विवरण | जम्मा संख्या | विमा गरेको संख्या | विवरण | जम्मा संख्या | दुध उत्पादन | मासु उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भैसी | | | पाडा/पाडी | ………/……… | | | |
| गाई/गोरु | ………/……… | | | | | | |
| वाच्छा/वाच्छी | ……../…….. | | रागोँ | | | | |
| माउ बाख्रा | | | खसि/बोका | ………/……… | | | |
| पाठा/पाठी | ……../……. | | कुखुरा | | | | |
| भेडा जम्मा | | | अन्य खुलाउने | | | | |

4. गोठको अवस्थाः……………………………………………
5. घाँस खेतिः…………………….
6. कृषकलाई दिएका सल्ला/सुझावहरू:

| |
|---|
| |

7. निष्कर्षः

| |
|---|
| |

8. अनुगमन कर्ताः…………..

नामः…………….

पदः……………….

सम्पर्क नः………….

अनुसूची-९

भुक्तानिको निवेदन ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः

दार्मा गाँउपालिकाको कार्यलाय

फारुलाचौर सल्यान।

विषयः भुक्तानि सम्बन्धमा

महोदय,

तहाँ कार्यालयबाट मिति……………………………..मा प्रकाशित सूचना अनुसार कृषकहरुको पशुजन्य उत्पादन दुध/मासु संकलन खरिद तथा विक्री गर्दै आएकाले मातहतका कृषकहरुलाई "उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८१” अनुसारको अनुदान रकम भुक्तानीका लागी तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु/छौ।

तपसिलः

1. वडा कार्यालयको सिफारिस
2. खरिद बिक्री अभिलेखको प्रतिलिपि
3. सम्झौता पत्रको प्रतिलिपि
4. कृषकलाई अनुदान रकम बुझाएको भरपाई
5. संचालक समितिको निर्णयको प्रतिलिपि

निवेदकः

आज्ञाले,
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत